नगर कार्यपालिकाको
बैठक संख्या: ६८, २०७९-२०८४
मिति २०८२/०९/२४ को
निर्णय प्रमाणित ..............

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

## कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ६८, २०७९-२०८४)

मिति : २०८२ पुष २४ गते

निर्णयहरुः

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. कोहलपुर नगर कार्यपालिकाको मिति २०८२/०५/१८ को निर्णयानुसार लुम्बिनी प्रदेश स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ५ बमोजिम कोहलपुर नगरपालिकाको कार्यबोझ, कार्यप्रकृति, नगरपालिकालाई पर्ने आर्थिक भार समेतको विश्लेषण गरी विद्यमान दरबन्दी तथा पद सिर्जना, पुनरावलोकन र हेरफेर गर्ने प्रयोजनका लागि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य गर्ने कार्यक्षेत्रगत शर्त निर्धारण गरी कर्णाली प्रदेश सरकारका पूर्व प्रदेश सचिव श्री अर्जुन गौतमलाई कायदिश दिईएकोमा उक्त दरबन्दी तेरीज तथा संगठन संरचना सम्बन्धी प्राप्त प्रस्ताव आगामी नगर सभामा पेश गर्ने ।

३. नगरपालिकाको मिति २०८२/०९/२५ गतेको उन्नाईसौं नगर सभामा पेश हुने एजेण्डामा छलफल भई अन्तिम रुप दिईयो ।

४. यस नगरपालिकामा करारमा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको 'करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८' बमोजिम कार्यसम्पादन मूल्याङ्कन फारामहरुको मूल्याङ्कन गरी सो मापदण्ड बमोजिम ८० वा सो भन्दा बढी अंक प्राप्त गर्ने कर्मचारीहरुको २०८३ असार मसान्तसम्म म्याद थप गर्ने। नगरपालिका अन्तर्गत विभिन्न कार्यका लागि अस्थायी र ज्यालादारीमा राखिएका कर्मचारीहरुलाई आवश्यकताका आधारमा २०८३ असार मसान्तसम्म कामकाजमा लगाउने ।

५. यस नगरपालिका अन्तर्गत विनियोजित शाखा एव वडा कार्यालय तर्फको बजेट माथीको अनुसूची १ बमोजिम शाखा/उपशाखा/ वडाको योजना, कार्यक्रम तथा बजेट संशोधन नगर सभामा पेश गर्ने ।

६. श्री मुक्ति आधारभूत विद्यालय, कोहलपुर २ मुक्तिनगर, बाँकेको विद्यालय तारबार कार्यका लागि विद्यालय पूर्वाधार निर्माण तथा गुणस्तर अभिवृद्धि कार्यक्रम शीर्षकबाट रु. १,००,०००।- (एक लाख) उपलब्ध गराउने ।

७. कोहलपुर बरघर नगर समिति कोहलपुरले आयोजना गर्ने माघी मिलन कार्यक्रमका लागि आवश्यक टेन्ट, कुर्ची तथा साउण्ट सिस्टम लगायतका सामाग्री व्यवस्थापनका लागि आ.ब. २०८२/०८३ को वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. १४० सि.नं. ४२ धर्म, कला संस्कृति संरक्षण तथा प्रर्बद्धन कार्यक्रम शीर्षकबाट रु.८०,०००।-(असी हजार) उपलब्ध गराउने ।



माम बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ६८, २०७९-२०८४
मिति २०८२/०९/२४ को
निर्णय प्रमाणित ............

८. यस कार्यालयमा रहेका सरकारी सवारी साधन मिति २०८२/०५/२४ गतेको जेन-जी आनदेलनको क्रममा तोडफोड एवं आगजनी भइ पुर्ण रुपले नष्ट भएको हुँदा तपशिल बमोजिमका सवारी साधनको बिमा दाबी एवं लगत कट्टा गर्नका लागी सवारी साधन दर्ता खारेजी गर्न यातायात व्यवस्था कार्यालय नेपालगंज बाँकेलाई अनुरोध गर्ने ।

| क्र.सं. | सवारी नं. | किसिम | कैफियत |
|---|---|---|---|
| १. | भे १ ब ६३० | मोटरसाइकल | जेन-जी आन्दोलनमा जलेको |
| २. | भे १ ब १४२२ | मोटरसाइकल | जेन-जी आन्दोलनमा जलेको |
| ३. | भे १ ब १७५९ | मोटरसाइकल | जेन-जी आन्दोलनमा जलेको |
| ४. | भे १ ब १४१३ | मोटरसाइकल | जेन-जी आन्दोलनमा जलेको |
| ५. | भे १ ब १४१४ | मोटरसाइकल | जेन-जी आन्दोलनमा जलेको |
| ६. | भे १ ब १७६३ | मोटरसाइकल | जेन-जी आन्दोलनमा जलेको |
| ७. | भे १ ब १४१६ | मोटरसाइकल | जेन-जी आन्दोलनमा जलेको |
| ८. | भे १ ब १९११ | मोटरसाइकल | जेन-जी आन्दोलनमा जलेको |
| ९. | भे १ ब १६०२ | स्कुटर | जेन-जी आन्दोलनमा जलेको |
| १०. | भे १ ब १९१० | स्कुटर | जेन-जी आन्दोलनमा जलेको |
| ११. | भे १ ब ६२४ | सक्सनमेसिन | जेन-जी आन्दोलनमा जलेको |
| १२. | भे १ ब २०७६ | ई. स्कुटर | जेन-जी आन्दोलनमा जलेको |
| १३. | भे १ झ २३१ | जिप | जेन-जी आन्दोलनमा जलेको |
| १४. | भे १ झ २५८ | जिप | जेन-जी आन्दोलनमा जलेको |
| १५. | भे १ द ५४ | ट्रयाक्टर | जेन-जी आन्दोलनमा जलेको |
| १६. | भे १ ग ८० | टिप्पर | जेन-जी आन्दोलनमा जलेको |
| १७. | भे १ झ ३५१ | एम्बुलेन्स | जेन-जी आन्दोलनमा जलेको |

९. कोहलपुर नगरपालिका र स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) को सह-लगानीमा संचालित वडा नं. ०८ झरकट्टी डुडुवा खोलामा झोलुंगे पुल निर्माण योजनाको निर्माण तर्फको काम विविध कारणवश उपभोक्ता समितिबाट सम्पन्न हुन नसक्ने देखिएको हुँदा उक्त कार्य ठेक्का प्रक्रिया मार्फत कार्यन्वयन गर्ने र ठेक्का गर्दा उक्त झोलुंगे पुल निर्माण सम्पन्न गर्न अपुग हुने रकम LISP अन्तर्गतका अन्य ठेक्का बाट घटेको रकम बाट व्यहोर्ने ।

१०. कोहलपुर वडा नं. ७ को माग बमोजिम शिव मन्दिर मर्मत तथा भजन किर्तन गर्न आवश्यक माईक सेट र विद्यावादनका समाग्री खरीदका लागी आ.ब. २०८२/०८३ को वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. १४० सि.नं. ४२ धर्म, कला संस्कृति संरक्षण तथा प्रर्बद्धन कार्यक्रम शीर्षकबाट रु.७५,०००।(पचहत्तर हजार) उपलब्ध गराउने ।

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ६८, २०७९-२०८४
मिति २०८२/०९/२४ को
निर्णय प्रमाणित ..........

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

११. कोहलपुर ६ स्थीत सप्त ऋषि मन्दिरमा भक्तजनहरुलाई पानीको अभाव भएको ले उक्त मन्दिरमा धारा जडानका लागी आ.ब. २०८२/०८३ को वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. १४० सि.नं. ४२ धर्म, कला संस्कृति संरक्षण तथा प्रर्वद्धन कार्यक्रम शीर्षकबाट हुने गरी रु.२८,०००।– (अट्ठाईस हजार) उपलब्ध गराउने ।

१२. कोहलपुर नगरपालिका वडा नं. ६ को पत्र अनुसार किरण भवानीटोल सामुदायीक भवन अधुरो आर.सी.सी. ढलान कार्यको लागी प्राबिधिक लागत इस्टिमेट अनुसार अपुग रकम भैपरी आउने पुँजिगत शिर्षकबाट हुने गरी रु. १,००,०००।–(एक लाख) उपलब्ध गराउने ।

१३. कोहलपुर नगरपालिका वडा नं. २ मा बिउ बैंकको भवन निर्माणको लागी डि.पी.आर. गर्ने ।

१४. थारु लोककला तथा सास्कृतिक संरक्षण तथा प्रवर्धन वृत्त चित्र निर्माणका लागी सेवा परामर्श शिर्षकबाट भुक्तानी हुने गरी रु. ५,००,०००।- (पाँच लाख) उपलब्ध गराउने ।

१५. जेन्जी आन्दोलनबाट स्करपियो गाडी समेत क्षती भएबाट अनुगमन, समन्वय बैठक, आवतजावत लगायतको कार्यालय संचालन सम्बद्ध सेवा प्रभावित भएकाले अर्को खरिद प्रकिया मार्फत खरिद नहुँदासम्म बहालमार्फत सेवा लिने । सो वापत दैनिक ४,६००।– भन्दा बढी नहुने गरी भुक्तानी दिने ।

१६. कोहलपुर ब्याडमिन्टन क्लबलाई कोर्ट मर्मतका लागि भैपरी आउने पुंजीगत शीर्षकबाट रु. ४,००,०००/-(चार लाख) भुक्तानी दिने ।

१७. कोहलपुर ८ मा मदन स्मृती क्लबको व्याडमिन्टन अधुरो कभर्ड हललाई पुर्णता दिनका लागी भैपरी आउने पुँजीगत शीर्षकबाट रु. २,५०,०००/- (दुई लाख पचास हजार) भुक्तानी दिने ।

१८. यस कोहलपुर नगरपालिकामा आगामी आ.ब. २०८३/०८४ का लागि समपुरक अनुदान सम्बन्धी कार्यबिधि, २०८१ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ मा व्यवस्था भए बमोजिम देहायका योजनाहरु तपसिलको प्राथमिकता हुने गरी संघीय सरकारमा माग गरी पठाउने ।

| संघिय समपुरक तर्फ (प्राथमिकीकरणका आधारमा हुने गरी) | | | |
|---|---|---|---|
| क्र.सं. | योजनाको नाम | वडा नं. | कैफियत |
| १ | कोहलपुर ३ प्रभुदयाल थारुको घर देखि महेन्द्र राजमार्ग हुँदै चन्रहवा गाउँ बैजनाथ गा.पा. सिमाना सम्म कृषि सडक निर्माण | कोहलपुर १५ | |
| २. | हवलदारपुर महेन्द्र राजमार्ग देखी पुर्व हुंदै पिपरी मन्नापुर,सिमरी विकासनगर सम्म सडक स्तरोन्नती | कोहलपुर ८ | |
| ३ | कोहलपुर नगरपालीका वडा नं. २ को रजराजमार्ग सालको बुटा देखि शिब शक्ति विद्यालय र ओम शान्तीको दोहोरो बाटो हुदै महेन्द्र राजमार्ग सम्म सडक कालोपत्रे | कोहलपुर २ | |



...बहादुर गिरी

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या: ६८, २०७९-२०८४
मिति २०८२/०९/२४ को
निर्णय प्रमाणित ..................

| संघिय विशेष अनुदान तर्फ | | | |
|---|---|---|---|
| क्र.सं. | योजनाको नाम | वडा नं. | कैफियत |
| १ | ने.रा.प्रा.वि. सिमरी विद्यालय भवन निर्माण | कोहलपुर १३ | |
| २ | बालशिक्षा माध्यमिक विद्यालय भवन निर्माण | कोहलपुर १३ | |
| ३ | मुक्ति आ.वि. भवन निर्माण | कोहलपुर २ | |

मान बहादुर गिरा
प्रमुख प्रशासकिय अधिकृत